## सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०७/२८

**प्रस्तावना:** सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वाञ्छनीय भएकोले मूल कार्यविधिको दफा १८ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगर कार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दफा १३ मा संशोधन:** (१) मूल कार्यविधिको दफा १३ पछि देहाय बमोजिमको दफा १३ (क) थप गरिएको छ ।

**दफा १३ (क) विशेष व्यवस्था**

(१) नगर प्रमुखले लगातार तीन महिनासम्म नगर कार्यपालिकाको बैठक नबोलाएमा एक तिहाई कार्यपालिका सदस्यले लिखितहरूमा कार्यपालिकाको बैठक बोलाउन अनुरोध गरेमा त्यस्तो अनुरोध गरेको तीन दिनभित्र नगर प्रमुखले बैठक बोलाउनुपर्नेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगातार तीन महिनासम्मको अवधिमा पनि वडा समितिको कुनै पनि बैठक नबोलाएमा वडा समितिको बैठक नबोलाउने वडाको वडा अध्यक्षलाई नगर कार्यपालिकाको त्यसपछिका तीनवटा बैठकमा उपस्थित गराइने छैन ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा बैठकमा उपस्थिति जनाउन नपाउने सम्बन्धित वडाका सिफारिस पत्रहरू लगायत कुनैपनि एजेन्डाहरु नगर कार्यपालिकाको बैठकमा पेस गरिने छैन ।

(४) कुनै नगर कार्यपालिका सदस्य बिना जानकारी लगातार तीनवटा नगर कार्यपालिका बैठकमा अनुपस्थित भएमा त्यस्तो सदस्यले त्यसपछिका थप दुईवटा बैठकमा उपस्थित हुन पाउने छैन ।